संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

आभा खबर साप्ताहिकको सह-प्रकाशन

खबर

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठः प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठः प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठः प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुराः ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधाः ३५,०००/-
ज्याकेटः ७५,०००/-
नोटः रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८४ ▶▶ बैशाख २१ गते मंगलबार,२०७८ ■ May - 4 Tuesday, 2021 ▶▶ यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

# शिवाइको पुल कहिले बन्ला ?

❖ महेश्वर चामलिङ

उदयपुर, वैशाख २०

एकदशदेखि चौदण्डीगढी नगरपालिका ५ शिवाईस्थित त्रियुगा नदीमाको निर्माणाधीन पक्की मोटरेबल यसवर्ष पनि सकिएला नसकिएला भन्ने कुरामा स्थानीयको शंका छ ।

निर्माणको रेखदेख गर्ने जिम्मा पाएको गाईघाट दिक्तेल सडक कार्यालयले यसैवर्ष सक्ने गरी काम लगाउने भनिरहँदा स्थानिय भने निर्माण कम्पनीप्रति सशंकित छन् ।

०६७ असारदेखि सुरु भएको पुलको काम निर्माण कम्पनीकै लापरबाहीका कारण



*बल्ल बन्यो । गाईघाट मुख्य चोक किनारास्थित सडकपेटीको ठुलो नालीको सडकपेटी सोमबार बनिसक्केको छ । अन्य अझै ६ ठाउँमा सडकपेटीको नाली बन्न बाकी छ । तस्बिर - बुद्धि चामलिङ ।*

यतिका वर्षसम्म नबन्दा स्थानीयबासी वर्षायाममा त्रियुगाको कहर खेप्न बाध्य हुँदै आउनु परेको छ ।
यसपाली त बन्ला भन्ने आस गर्दागर्दै १० वर्ष बितिसकेको पुल यो पाली पनि बन्ला भन्ने कुरामा आफुहरुलाई शंकै लागेको चौदण्डीगढी नगरपालिका ५ का वडाध्यक्ष देवनारायण चौधरी बताउँछन् । उनका अनुसार पुल नबेका कारण हरेक वर्षायामको बाढीमा नगरपालिका केन्द्र बेलटार अउन वडाबासीलाई त्रियुगा

- *बाँकी ३ पेजमा*

सस्तोमा गिफ्टका सामान र गुडीया तालिम



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री ( गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

प्रोपाईटर :- एनुका राई

*सम्पर्क :- ९८१५७७१०५२*

खुवालुङ गुडीया सप्लायर्स

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड

# कटारी डिभिजन वनको भवन छिट्टै बन्ने

❖ मुलुकी संबाददाता

कटारी, वैशाख २०

डिभिजन वन कार्यालय कटारीको अत्याधुनिक भवन निर्माण कार्य धमाधम भईरहेको छ। वर्षौंअघि निर्माण भएको भवन २०७२ को भूकम्पले क्षतिग्रस्त पारेपछि भाडाको घरमा कार्यालय सञ्चालन गर्दै आएको डिभिजनको भवन केहीसमयभित्रै सम्पन्न गर्नेगरी द्रुतगतिमा निर्माण भईरहेको डिभिजनले जनाएको छ ।

भूकम्पले भत्काएर जिर्ण पारेको भवनमा प्रशासनले रातो स्टीकर टाँसेपछि बस्न नमिल्ने भएर डिभिजनको कार्यालय कटारी बजारमा भाडाको घरमा सञ्चालन गर्नु परेको छ । भवनविहीन भएको डिभिजनका लागि प्रदेश सरकारको सहयोगमा नयाँ भवन निर्माण सुरु भएको हो ।कोविड(१९ का कारण काम सुरु गर्न ढिलाई भएकाले गतवर्ष सुरु भवन बहुवर्षीय योजनामा रुपान्तरण गरी निर्माण भईरहेको डिभिजन वन अधिकृत (डिएफओ) फडिन्द्र पोखरेलले बताए। उनका अनुसार मूल्य अभिबृद्धि कर (भ्याट) बाहेक ४ करोड ३० लाख ९८ हजार ८ सय ७२ रुपैंयामा भवन निर्माण सुरु भएको हो। जसमध्ये हालसम्म तेस्रोत तलाको ढलाई भईसकेको छ ।

डिएफओ पोखरेलका अनुसार ४ करोड ६७ लाख ३० हजार ४ सय ९५ रुपैंया लागत मूल्यको प्राविधिक इस्टीमेट भए पनि निर्माण व्यवसायीबीच प्रतिस्पर्धा हुँदा ३४ लाख कम मूल्यमा मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्स काठमाडौंले भवन बनाउने जिम्मा पाएको छ। साविक डिभिजन वन कार्यालय परिसरमै निर्माणाधीन भवन ३ तल्ले ३० कोठाको हुने उनले बताए ।

आधुनिक र सुविधासम्पन्न भवन अपाङ्गतामैत्री, खानेपानी र पुरुष(महिला शौचालयसहितको हुने उनले बताए । आउँदो २०८० साउन २८ गतेभित्र बनाईसकेर हस्तान्तरण गर्नेगरी भवनको काम भईरहेको र हालसम्म ५५ प्रतिशत सम्पन्न भईसकेको डिएफओ पोखरेलले बताए ।






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः-**थमान चामलिङ राई**
**सम्पर्कः-** ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसगैं जोडिएको ।
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*

# पुर्ख्यौली पेशामा रमाउँदै धनराज साहु

❖ बुद्धि चामलिङ














उदयपुरको गाईघाट बजारस्थित मुख्य चोककोमा ४-५ वटा खाजा घरहरु छन्। चोक्को पुर्ब दछिणी कुनामा १८ फिट मुख भएको *पुजा मिष्ठान्न भण्डार तथा नम्किन खाजा घर* छ। यो होटल सुरु गर्ने सुकदेब साहु २०२४ सालमा सिराहाको लहानबाट गाईघाट बजार आएर सुरु भएको हो।

सुकदेव हिरादत्त साहका तीन छोरा र एक छोरी छन्। सुकदेव २०६६ सालमा ५८ वर्षको उमेरमा बिते। सुकदेव २०२४ सालदेखि गाईघाट आएर जिबित रहुन्जेलसम्म समोसा, जुलेबी बहाउ, मिठाई बनाएर बजारमा बेचे। तिनै स्वर्गीय सुकदेबका ३ छोरामध्ये जेठा धनराज र कान्छा सन्तोषले संयुक्त रुपमा बाबुले चलाउँदै आएको होटललाई निरन्तरता दिँदै आएका छन्।

स्वर्गीय सुकदेबका जेठा छोरा धनराज, माइला धनेश्वर र कान्छा सन्तोष र एक बहिनी पनि छिन्। माइला धनेश्वरले पनि केही समय त्यस्तै समोसा, जुलेबीको होटल चलाएका थिए। तर, अहिले पेशा बद्लेर भाँडा पसल खोलेका छन्। धनराज अहिले ५१ वर्षका भए, उनी २०२७ सालमा गाईघाटमै जन्मेका हुन्। उनले गाईघाट माबिबाटै कक्षा १० सम्म पढे।

धनराज सबै भाईबहिनीका अबिभाबक हुन्। उनकै कुरा परिवारका सबै सदस्यले मान्छन्। धनराजले समोसा बनाउन थालेको करिब ४० वर्ष बढी भयो। अहिले पनि उनी समोसा, जुलेबी पकाईरहेका हुन्छन्। उनको हातले बनेका समोसा नखाने मानिस गाईघाट मात्र नभएइर हिमाल, पहाड तराईमा कमै होलान्। आफुले थाहा पाउँदा गाईघाटमा खाजा ४ आना (२५ पैसा) मा खुवाउने गरेको धनराजलाई सम्झना छ। त्यो बेला समोसा, जुलेबी प्रतिगोटा ५ पैसाका दरले बेचेका उनले अहिले १० रुपैंया गोटा बिक्री गर्छन्।

बहिनीलाई सिराहा धनगढीमा बिहे गरिदिएका धनराजले २०४६ सालमा सिराहा लहानकै गैरीगाउँबाट शिबकुमारीसँग लगनगाँठो कसे। उनका हाल २ छोरी २ छोरा छन्। आफू कक्षा १० सम्म मात्र पढे पनि धनराजले छोराछोरीलाई उच्च शिक्षासम्म पढाए। दुवै छोरीलाई डिग्रीसम्म पढाएका छन् उनले। ठूली छोरी सिन्धुली भिमानमा घरजम गरेर व्युटीपार्लर वयवसाय गर्दै आएकी छिन्। माइली छोरी रामेछाप मन्थलीमा बिहे गरेकी छिन्। उनका तेस्रो सन्तान छोरो व्यबस्थापन विषयमा स्नातक गरेर अहिले गैरसरकारी संस्थामा कार्यरत छन्। कान्छा छोरा अहिले १२ कक्षामा पढ्दैछन्।

धनराजले आफ्नो पसल आउने ग्राहक्लाई समोसा, जुलेबी, मिठाइ, लालमोहन, पकौडा, चना, चिउरा, हलुवा खुवाउँछन्। धनराज बाबु बाजेदेखि गर्दै आएको पेशा यही भएकाले यसैमा आफु रम्न चाहेको सुनाउँछन्। उनको पुर्ख्यौली पेशा हलुवा बनाउने र बेच्ने भएकाले आफ्नो जातै हलुवाई भएको ठान्छन। हलुवाइले पुर्खादेखि यही काम गर्दै आएको उनको बुझाइ र भोगाइ छ।

सन्तानलाई उच्च शिक्षा अध्ययन गर्ने वातावरण दिएका धनराज आफुले गर्दै आएको पेशा धेरै झन्झटिलो लाग्छ। त्यसैले उनले आफ्ना सन्तान यो पेशामा नलागून् भन्ने लाग्छ। अहिले छोराछोरीलाई इच्छा अनुसार काम गर्न उनले स्वतन्त्रता दिएका छन्।

धनराजको सम्झना छः। उ बेला आलु ५ पैसा किलो पाइन्थ्यो। उदयपुको पहाडी भेगबाट किसानले उब्जाएको आलु बेच्न ल्याउँथे। त्यही किनेर काम चलाउँथे उनी। अहिले आलु २४ रुपैया किलो किन्ने गरेका छन्।

अहिले पनि अन्य पसलमा समोसा, जुलेबी महँगो मुल्यमा बिक्री हुन्छ। तर, धनराज ग्राहक्लाई १० रुपैंयामै समोसा, जुलेबी खुवाउँछन्। अहिले धनराजको दैनिकी विहान ३:०० बजेदेखि सुरु भएर बेलुका ९:०० बजेसम्म होटलमै समोसा, जुलेबी बनाउने र बेच्ने छ। उनलाई यही काम गरिरहेको या होटलमै ग्राहकलाई खाजा खुवाईरहेको अवस्थामा भेटिन्छ।

दैनिक १० हजाजसम्म व्यापार गर्ने उनको पसलमा ८ जनाले रोजगारी पाएका छन्। बाबुले सिकाएको हुनाले त्यही सिपले तीनै दाजुभाइले पुर्ख्यौली पेशाको बिँडो थाम्दै आएको उनी बताउँछन्। धनराज कामबाहेक कहिलेकाही एक्लै र परिवारसहित घुमिफरमा पनि निस्कने गरेका छन्। उनी दोलखाको कालिन्चोक दर्शन गर्न पुगेका छन् भने काठमाडौं र पूर्वका बिभिन्न ठाउ घुमेका छन्।



*डिभिजन कार्यालय कटारीको निर्माणधिन भवन। तस्बिर - महेश्वर चामलिङ।*

## शिबाइको ........

नदीमा डुंगा चढ्नुपर्ने बाध्यता छ।

२ सय ८४ दशमलव ६ मिटर लामो र ५ मिटर चौडाईको उक्त पुल बनाउने जिम्मा महालक्ष्मी ⁄ लोकप्रिय जेवी कलंकी काठमाडौंले लिएको छ।

०७० असार २२ गतेभित्र बनाई सकेर सरकारलाई हस्तान्तरण गर्ने सम्झौता गरे पनि अनेक बहानामा काम ढिला गरेर पटकपटक म्याद थप्दै आएको गाईघाट दिक्तेल सडक योजना कार्यालय उदयपुरका प्रमुख (डिई) गोपाल खकुरेलले बताए।

डिई खकुरेलका अनुसार स्थानीय सडक सञ्जाल (एलआरएन) प्रविधिमा निर्माणाधीन पुल सुरुमा १३ स्पामको इस्टीमेट गरिए पनि प्राविधिक समस्याले घटाएर १२ स्पानको बनाइएको छ। जसमध्ये एउटा स्पाममा स्ल्याव हाल्न मात्र बाँकी छ भने अन्य काम भईसकेको छ।

गतवर्ष नै सक्ने गरी पुलको काम भईरहेकोमा अचानक कोविड महामारी फैलिएपछि ०७६ चैत ११ देखिको लकडाउनले अवरुद्ध हुन पुगेको थियो। कोविड कहर कम भएपछि समयमै पुल निर्माण गर्न निर्देशन दिदै नगरे कम्पनीलाई कालोसूचीमा राख्ने चेतावनी दिदा पनि काम सम्पन्न हुन नसकेको खकुरेलले बताए।

पुलको अन्तिम स्ल्याब ढलान गर्न बाँकी रहेको उनले बताए। सो काम सकेपछि पुल सञ्चालन हुने उनले बताएका छन्। ९० प्रतिशत सकिइसकेको हुनाले यसवर्षको बाढीमा स्थानीयलाई डुंगा चढ्न नपर्ने गरी पुल सञ्चालनमा ल्याउने तयारी भईरहेको उनले बताएका छन्।

८ करोड ६६ लाख ९० हजारको सुरुवाती ठेक्का लागे पनि काम ढिला भएपछि इस्टीमेट संशोधन (भिओ) गर्दा ९ करोड ७८ लाख पुगेको सडक कार्यालयले जनाएको छ। पछिल्लो भिओ गर्दा पुलको लागत ११ करोड २५ लाख पुगेको डिई खकुरेलले बताएका छन्।

सो पुल बनेपछि सप्तरीको कन्चनपुर(फत्तेपुर हुँदै उदयपुरको चौदण्डीगढी नगरपालिका केन्द्र बेलटार आउजाउ गर्न स्थानीयलाई धेरै सहज हुने सडक कार्यालयले जनाएको छ।

चौण्डीगढी नगरप्रमुख खगेन्द्र राईले पुल बन्न नसक्दा नगरबासीलाई आन्तरिक आउजाउ गर्न धेरै समस्या भएको बताए। उनले सो पुलले नगरबासीलाई मात्र नभएर छिमेकी जिल्लाहरु सुनसरीको चतारादेखि सदरमुकाम गाईघाट हुँदै सिन्धुली, हेटौडा जोड्ने निर्माणाधीन मदन भण्डारी लोकमार्गको बसाहा जोड्ने भएकाले धेरै महत्वपूर्ण छ। अहिलेसम्म नबन्दा धेरै समस्या भोगेका चौदण्डीगढी नगरबासीलाई थप समस्या हुन नदिन यही वर्ष निर्माण गरिसक्न दबाब दिएको उनले बताए।

सो पुल बनेपछि चौदण्डीगढीका ५, ९ र १० नम्बर वडाबासीलाई नगरपालिका आउजाउ गर्न मात्र नभएर विराटनगर, इटहरीलगायत पूर्वीभेग तथा सप्तरी, सिराहालगायत पश्चिमी भेग छुने कन्चनपुर फत्तेपुर नाका भएर आउजाउ गर्न सहज हुनेछ।

हामी स्थानीय हौं, स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !









सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं।

- आफूले सञ्चालन गरेको व्यापार व्यवसायको समयमै नविकरण गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं।
- दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउमा राखेर बिक्री वितरण नगरौं।
- समयमै कर तिरौं : जरिवाना र सजाय तिनबाट बचौं।

सहभागितामूलक, पारदर्शी तथा जवाफदेहीपूर्वक विकास निर्माण, स्वास्थ्य, शिक्षा तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपांग र असहाय नागरिकप्रति जिम्मेवार बनौं। (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्धविच्छेद) जस्ता व्यक्तिगत घटना दर्ताहरु सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

# बिराटनगर लिगको शिर्ष स्थानमा

❖ बिबेक राई

गाईघाट, बैशाख २०

काठमाडौंमा जारि खुकुरी सुपर लिगमा बिराटनगर सिटि एफसीले लिग तालिकाको शिर्षस्थानमा कब्जा जमाउनु सफल भएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा एफसि चितवनलाई २(० ले हराउँदै बिराटनगर लिगको शिर्षस्थानमा उक्लन सफल भएको हो। हारपछि चितवन चाहि चार खेलबाट मात्र दुई अंकसहित पुछारमा यथावत छ।

धनगढिसँग समान सात अंक भएपनि हेड टु हेड आधारमा बिराटनगर शिर्षस्थानमा उक्लिएको हो। सोमबार साँझ साँढे पाँच बजेदेखि सुरु भएको खेलको पहिलो हाफभने चितवन हाबी देखिएको थियो। गोलरहित बराबरी भएपनि बिराटनगरले पहिलो हाफमा मात्र दुई आक्रमण प्रयास गर्दा आईएमई ग्रुपको लगानि रहेको चितवनले भने आठ आक्रमण प्रयास गरेको थियो।



*उदयपुरको गाईघाटको महिला फुटबल खेलाडीहरु। तस्विर: मुलुकी*

तर दोस्रो हाफमा चितवनले आठबाट ११ एट्याक गर्दा बिराटनगरले सुधार गर्दै दुईबाट १४ एट्याक गर्न सफल भएको थियो। त्यसमध्ये बिरटनगरको पाँच एट्याक अन टार्गेट भयो र दुई गोल निकाल्न सफल पनि भयो। बिराटनगरले दुवै गोल भने खेलको अन्त्यतिर गरेको थियो। ७३ औं मिनेटमा सुनिल बलको लामो फ्रिकिक पासमा पेड्रो मान्जीले डिबक्स बाहिरबाट एकै सटमा गोलमा परिणत गरेका थिए।

८९ औं मिनेटमा सन्तोष तामाङले पनि डिबक्स बाहिरबाट शानदार गोल गरेपछि बिराटनगरको जित सुनिश्चित देखियो। नभन्दै निर्धारित ९० मिनेटपछि जारि लिगमा पहिलो पटक सबैभन्दा बढि १० मिनेटको इन्ज्यूरी समय थप गरिएपनि कुनैपनि टोलीबाट थप गोल निस्किएन।

खेलको अन्तिम केहि सेकेण्डअघि समय खेर फालेको भन्दै रेफ्रि प्रकाशनाथ श्रेष्ठले बिरटनगरका मनिष डाँगीलाई पहेंलो कार्ड दिएका थिए।

खेलपछि निभिया इमर्जिङ प्लेयर र हुवावे सुपर प्लेयरको दुवै पुरस्कार बिराटनगरले हात पारेको थियो। सुरजजंग ठकुरीले इमर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र नगद दश हजार तथा कप्तान एवम् मार्की प्लेयर रञ्जित धिमालले ट्रफि र नगद पच्चिस हजार हात पारे।

यसैगरि एकदिनअघि ललितपुरका प्रशिक्षक प्रदिप हुमागाइँले क्लबले आफूलाई बर्खास्त नगरेर राजीनामा दिएको कुरा बताएका छन्।

आईतबार ललितपुरले पोखरासँग गोलरहित बराबरी खेलेपछि दुई खेल बाँकी रहँदासम्म एकपनि जित निकाल्न नसकेको भन्दै ललितपुरका बोर्डले हुमागाइँलाई बर्खास्त गर्ने निर्णय गरेको थियो।

क्लबको निर्णय थाहा पाएलगत्तै खेलपछि नै हुमागाइँले हस्तलिखित राजीनामा दिएका थिए। उनले क्लब र क्लबका मालिकप्रति सम्मान रहेको र टोलीको नतिजाको पूर्ण जिम्मेवारी लिनेसमेत बताए।


## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

TUBORG बलम्पाकी रेष्टुरेन्ट

## स्थानीय उत्पादन उपयोग गरौं,

## रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको रोजाइ रौता साबुन

रौतामाई साबुन र सर्फ उद्योग

E-mail:- rautamaisoap@gmail.com



माझखर्क साप्ताहिकको सह प्रकाशन मुलुकी

प्रकाशक/संस्थापक संपादक: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)

प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,

कार्यलिय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोन:- ०३५-४२०३९४/९८५२८३५८८८

Email: mulukinews@gmail.com/www.mulukikhabar.com

मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट